"कोशीको गौरव हिमालको सान, पर्यटन वर्षमा सबैलाई सम्मान "

# माई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सितली, इलाम

फोन: ०२७४१२२२२
वेबसाइट: maimun.gov.np
इमेल: mainagarpalika@gmail.com
फेसबुक पेज: fb.com/maimun2
कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
च. नं.: ९८

मिति : २०८२/०५/०१
ने.सं.११४५ गुलाध्व नवमी आइतबार

**श्री वडा कार्यालय (सबै)**
**सम्बन्धीत सरोकारवाला (सबै)**
**माई नगरपालिका,इलाम ।**

**विषय: भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अब्यवस्थित बसोबासीहरुको लगत सङ्कलनको निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ दिने सूचना ।**

प्रस्तुत विषयमा भुमि समस्या समाधान आयोग तहाँचाल काठमाण्डौले मिति २०८२/०४/३० गते प्रकाशित ३५ दिने सूचना बमोजिम **भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अब्यवस्थित बसोबासीहरुको** लगत सङ्कलनको लागि तपशिल बमोजिम कागतजातहरु सहित सम्बन्धीत वडा कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध छ । साथै आयोगको सूचना यसैपत्र साथ संलग्न रहेको व्यहोरा अनुरोध छ ।

**तपशिल**

१. परिवारमुली तथा अन्य परिवारका सदस्यहरुको नागरिक्ता प्रमाणपत्रको प्रतिलिपी,नावालकको हकमा जन्मदर्ताको प्रतिलिपी
२. स्थानीय तहले जारी गरेको बहाल बिटौरी रसिद वा प्रमाणपत्रको प्रतिलिपि
३. आवश्यकता अनुसार पानी ,विजुलीको रसिद
४. परिवारमुलीको Password साइजको फोटो – २ थान ।

**बोधार्थ:**

१. श्री भुमि समस्या समाधान आयोग जिल्ला समितिको कार्यालय ,इलाम ।
२. श्री वडा कार्यालय सबै- आवश्यक समन्वय तथा जानकारीका लागि ।

२०८२/०५/०१

(लक्ष्मण भुर्तेल)
नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

CamScanner